वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक



वर्ष ४५ अंक १९० २०८३ मंसिर ०३ गते विहीबार, नेपाल सम्वत् ११४७ November 19, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-



सेवाग्राहीको भिड

जिल्ला प्रशासन कार्यालय तनहुँमा बुधबार सेवा लिन आएका सेवाग्राहीको भिड । तिहार तथा छठ पर्वका कारण लामो बिदा हुँदा नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र लगायतका सेवा लिन आउने सेवाग्राहीको चाप बढेको छ। कार्यालयले आवश्यक जनशक्ति व्यवस्थापन मिलाउन नसक्दा नागरिकता लिने र राष्ट्रिय परिचयपत्र बनाउन आउने सेवाग्राहीले लामो समय लाइनमा बस्नुपरेको छ ।

तस्विर : नारायण खड्का/भञ्ज्याङ

मर्दी पदयात्रामा पर्यटकको चाप बढ्दै, आवास व्यवस्थापन चुनौती

भञ्ज्याङ समाचारदाता/कास्की

छोटो पदयात्रामै हिमालको सामीप्यमा पुग्न सकिने आकर्षणले आन्तरिक तथा विदेशी पर्यटकको रोजाइमा परेको मर्दी हिमाल पदमार्गमा पर्यटकीय चाप बढ्दै गएको छ । तर, पर्यटकको आगमनअनुसार होटल तथा अन्य पूर्वाधार विस्तार हुन नसक्दा मुख्य पर्यटकीय याममा आवास व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ।

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा पर्ने मर्दी हिमाल पदमार्गमा दसैँ-तिहारको बिदा आसपास दैनिक छ सयदेखि सात सय जनासम्म पर्यटक पुग्ने गरेका छन्। पदमार्ग व्यवस्थापन समितिका अध्यक्ष राजकुमार तामाङका अनुसार आउने पर्यटकमध्ये करिब ६० प्रतिशत विदेशी छन् ।

तीनदेखि चार दिनको यात्रामै हिमाली दृश्यको नजिक पुग्न सकिने भएकाले यो पदमार्ग पर्यटकको आकर्षणमा परेको हो । घना वन, ग्रामीण बस्ती, गुराँसका जङ्गल, खुला डाँडाकाँडा र हिमश्रृंखलाको दृश्यले छोटो समयमै फरक भौगोलिक तथा प्राकृतिक अनुभव लिन चाहने पर्यटकलाई आकर्षित गरेको छ ।

जापानबाट दसैँ-तिहार मनाउन नेपाल आएकी काभ्रेकी ज्योति खड्काले चाडपर्वपछि चार दिन मर्दी पदमार्गमा बताइन् । हिमाल, बादल र हरियालीबीचको यात्रा आफ्नो भ्रमणको अविस्मरणीय अनुभव बनेको उनले बताइन् । म्याग्दीकी सुशिप्ता जिसी, धादिङका नारायण कँडेल र इटालीबाट आएका पर्यटक इन्ट्राले पनि छोटो यात्रामै हिमालको सामीप्यमा पुग्न पाउनु यस क्षेत्रको विशेषता भएको अनुभव सुनाए ।



काठमाडौँकी निकिता कार्कीका अनुसार पदयात्राका क्रममा देखिने हिमाल, पहाडी भूगोल र स्वच्छ वातावरणले यात्रालाई विशेष बनाउँछ। यस क्षेत्रबाट मर्दी, माछापुच्छ्रे, अन्नपूर्ण दक्षिण, हिमचुली, अन्नपूर्ण प्रथम, गङ्गापूर्ण र गन्धर्वचुलीलगायत १३ वटा हिमालको दृश्यावलोकन गर्न सकिन्छ ।

पर्यटकीय चाप र सीमित पूर्वाधार

पर्यटकको आगमन बढेसँगै पदमार्गको माथिल्लो क्षेत्रमा आवास व्यवस्थापन मुख्य समस्याका रूपमा देखिएको छ। हाइक्याम्पसम्म मात्रै होटल तथा रेस्टुरेन्ट सञ्चालनमा छन्। त्यसभन्दा माथिको भ्यु पोइन्ट र आधार शिविरमा पर्यटकका लागि आवास तथा भोजनको व्यवस्था छैन ।

हाइक्याम्पमा रहेका १४ होटलमा २५ भन्दा बढी शैया राख्न नपाइने व्यवस्था छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले होटल तथा कोठाको संख्या निर्धारण गरेकाले पर्यटकको चाप बढ्दा थप पाहुनालाई सेवा दिन व्यवसायीलाई कठिन भएको छ ।

समितिका अध्यक्ष तामाङका अनुसार होटलको क्षमताभन्दा बढी पर्यटक आउँदा कतिपयलाई टेन्ट तथा होटलका भोजनकक्षमा समेत व्यवस्थापन गर्नुपर्ने अवस्था छ । व्यवसायी कविता अर्याल गौतमले अघिल्लो वर्षको तुलनामा यसपटक पर्यटकको संख्या बढेको र फरेस्ट क्याम्पमाथिका होटल भरिभराउ हुने गरेको बताइन् ।

पर्यटकको संख्या बढ्नु पर्यटन व्यवसायका लागि सकारात्मक भए पनि आवश्यक आवास सुविधा उपलब्ध गराउन नसक्दा गन्तव्यप्रति नकारात्मक धारणा बन्न सक्ने उनको चिन्ता छ। होटलमा खाद्यान्न लगायत सामग्री खच्चड र भरियामार्फत ढुवानी गर्नुपर्ने भएकाले यहाँको बसाइ खर्चिलो हुने गरेको पर्यटकको अनुभव छ । यातायात खर्चबाहेक प्रतिव्यक्ति दैनिक तीन हजारदेखि पाँच हजार रूपैयाँसम्म खर्च हुने व्यवसायी बताउँछन् ।

हिमालसँगै चराचुरुङ्गीको आकर्षण

मर्दी पदमार्गको विशेषता हिमाली दृश्यमा मात्र सीमित छैन। बदलिरहने मौसम, बादलको लुकामारी, सूर्योदय र सूर्यास्तका

बाँकी अन्तिम पेजमा

देउवा पक्षीय कांग्रेस तनहुँको १५औं नियमित जिल्ला अधिवेशनबाट नयाँ नेतृत्व चयन

भञ्ज्याङ समाचारदाता/दमौली

देउवा पक्षीय नेपाली कांग्रेस तनहुँको १५औँ नियमित जिल्ला अधिवेशनले प्रा.डा. कृष्णप्रसाद गौतमलाई जिल्ला सभापतिमा निर्विरोध निर्वाचित गरेको छ । बुधबार दमौलीमा सम्पन्न अधिवेशनबाट गौतमको नेतृत्वमा



नयाँ जिल्ला कार्यसमिति चयन गरिएको हो । अधिवेशनबाट उपसभापतिमा डम्बरबहादुर अधिकारी र हिरालाल गुरूङ तथा सचिवमा माधव खनाल चयन भएका छन् ।

नवनिर्वाचित सभापति गौतमसहित पदाधिकारीलाई पार्टी संगठनलाई थप सुदृढ, गतिशील र एकताबद्ध बनाउने जिम्मेवारी आएको छ । कांग्रेस कार्यकर्ताले नयाँ नेतृत्वबाट संगठन विस्तार र कार्यकर्ताबीचको एकता मजबुत हुने अपेक्षा गरेका छन् ।

अधिवेशनको उद्घाटन नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री शंकर भण्डारीले गरेका थिए । अधिवेशनअघि देउवा पक्षले दमौलीमा बाजागाजासहित मोटरसाइकल र्‍याली निकालेर आफ्नो संगठनात्मक उपस्थिति प्रदर्शन गरेको थियो ।

अनशन चौतारीबाट सुरू भएको र्‍याली दमौली बजार परिक्रमा गर्दै अधिवेशनस्थल दमौली सभाहल पुगेको थियो । र्‍यालीमा नेता तथा कार्यकर्ताको उल्लेख्य सहभागिता रहेको थियो।

कांग्रेसभित्रको गुटगत प्रतिस्पर्धा र फरक-फरक समूहका गतिविधिले जिल्लाको राजनीतिक समीकरणलाई समेत प्रभावित पार्दै आएको छ । पार्टीभित्रको आन्तरिक प्रतिस्पर्धालाई व्यवस्थापन गर्दै संगठनलाई एकताबद्ध बनाउनु नवनिर्वाचित नेतृत्वका लागि चुनौतीपूर्ण जिम्मेवारीका रूपमा देखिएको विश्लेषण गर्न थालिएको छ ।

सम्पादकीय .....

www.bhanjyangnews.com

बेनीकोटमा नवप्रवर्तन कार्यक्रम

गाउँको विकास भन्नासाथ सडक, भवन, खानेपानी र अन्य भौतिक पूर्वाधारलाई मात्र बुझ्ने प्रवृत्ति अझै हट्न सकेको छैन । तर गाउँको वास्तविक समृद्धि त्यहाँका नागरिकको आम्दानी, रोजगारी, उत्पादन र जीवनस्तरमा आएको परिवर्तनबाट मापन हुन्छ । गाउँमा उपलब्ध स्रोत, साधन, सीप, संस्कृति र सम्भावनालाई उपयोग गरेर स्थानीयलाई नै आर्थिक गतिविधिमा जोड्न सकियो भने मात्र विकास दिगो बन्न सक्छ। यही सोचका साथ तनहुँको व्यास नगरपालिका-१३ स्थित बेनीकोट भञ्ज्याङ र छापडाँडालाई उद्यमशीलतायुक्त सांस्कृतिक गाउँका रूपमा विकास गर्ने योजना अघि सारिएको छ । गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत प्रदेश सरकार र व्यास नगरपालिकाको साझेदारीमा सञ्चालन हुने परियोजनाको कुल लागत एक करोड ५० लाख रूपैयाँ छ । यसमध्ये प्रदेश सरकारले ७५ प्रतिशत र नगरपालिकाले २५ प्रतिशत लगानी गर्नेछन् । कृषि, पर्यटन, उद्यमशीलता र सांस्कृतिक पहिचानलाई एकीकृत गर्दै गाउँको आर्थिक तथा सामाजिक अवस्था सुधार्ने परियोजनाको लक्ष्य छ । बेनीकोट क्षेत्रको सम्भावना कृषि र पर्यटन दुवैसँग जोडिएको छ । यहाँको प्राकृतिक वातावरण, मगर समुदायको संस्कृति, भुजेल समुदायको परम्परागत सीप, स्थानीय खानपान र भेषभूषा पर्यटकका लागि आकर्षण बन्न सक्छन् । यी मौलिक पक्षलाई संरक्षण गर्दै व्यवस्थित रूपमा प्रस्तुत गर्न सके गाउँलाई नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिन्छ । होमस्टेको स्तरीकरण, अतिथिसत्कार, संग्रहालय व्यवस्थापन, सांस्कृतिक पहिचानको संरक्षण र प्रचारप्रसारका कार्यक्रम यसका आधार हुन् ।

पर्यटन विकासको अर्थ पर्यटक भित्र्याउनु मात्र होइन, उनीहरूबाट हुने आम्दानी स्थानीय समुदायसम्म पुऱ्याउनु पनि हो । पर्यटकले गाउँमै बस्ने, स्थानीय परिकारको स्वाद लिने, सांस्कृतिक गतिविधिमा सहभागी हुने र स्थानीय उत्पादन खरिद गर्ने वातावरण बनाउनुपर्छ । यसो हुन सके पर्यटनबाट हुने आम्दानी होटल सञ्चालकमा मात्र सीमित नभई किसान, महिला, युवा र साना व्यवसायीसम्म पुग्न सक्छ । परियोजनाले बाँसखेती विस्तार, बाँसका हस्तकलाका सामग्री निर्माण, व्यावसायिक मौरीपालन, कालो सुँगुरपालन, ड्रागन फ्रुट खेती र रैथाने बाली संरक्षणलाई प्राथमिकता दिएको छ । यी कार्यक्रमलाई बजारको माग र स्थानीय आवश्यकतासँग जोड्न सके गाउँमै रोजगारी सिर्जना गर्न सकिन्छ । परम्परागत सीपलाई आधुनिक बजारसँग जोड्दा त्यसले नयाँ आर्थिक मूल्य पाउन सक्छ । त्यसका लागि उत्पादनको गुणस्तर, प्याकेजिङ, ब्रान्डिङ र बजारीकरणमा पनि ध्यान दिनुपर्छ । यस परियोजनाको महत्वपूर्ण उपलब्धि महिला र युवाको आर्थिक सशक्तीकरण हुन सक्छ । गाउँमा रोजगारीका अवसर नहुँदा युवा वैदेशिक रोजगारीमा जान बाध्य छन् भने महिलाको श्रम अझै घरायसी काममा सीमित हुने गरेको छ । कृषि, पशुपालन, होमस्टे र हस्तकलाका उद्यम सञ्चालन गर्न सके उनीहरूले आफ्नै ठाउँमा आम्दानी गर्न सक्छन्। महिलाको हातमा आम्दानी पुग्दा परिवारको शिक्षा, स्वास्थ्य र दैनिक आवश्यकतामा खर्च गर्ने क्षमता बढ्छ । आर्थिक आत्मनिर्भरताले परिवार र समुदायभित्र महिलाको निर्णय गर्ने भूमिका पनि बलियो बनाउँछ ।

युवालाई स्थानीय उद्यममा जोड्न सके वैदेशिक रोजगारीप्रतिको बाध्यात्मक निर्भरता घटाउन सकिन्छ । उनीहरूको प्रविधिसम्बन्धी ज्ञान र सिर्जनशीलतालाई डिजिटल बजार, पर्यटन सेवा तथा व्यवसाय सञ्चालनमा उपयोग गर्न सकिन्छ । त्यस्तै, दलित तथा सीमान्तकृत समुदायका परम्परागत पेसाको संरक्षण र प्रवर्द्धनलाई आयआर्जनसँग जोड्नुपर्छ । विकासको प्रतिफल सबै समुदाय र वर्गसम्म पुग्नु नै सामाजिक सशक्तीकरणको आधार हो । तर बजेट विनियोजन र कार्यक्रम घोषणा हुँदैमा परियोजना सफल हुँदैन। डेढ करोड रूपैयाँको लगानीले कति उद्यम सञ्चालन भए, कति स्थानीयले रोजगारी पाए र कति परिवारको आम्दानी बढ्यो भन्ने विषय महत्वपूर्ण हुन्छ । पूर्वाधार निर्माणका नाममा उपयोग नहुने संरचना बनाउने, तालिम दिएर उद्यम सञ्चालनमा सहयोग नगर्ने र उत्पादन भएपछि बजारको व्यवस्था नगर्ने कमजोरी दोहोरिनु हुँदैन । परियोजनाको उपलब्धि खर्च विवरणमा होइन, स्थानीयको जीवनमा आएको परिवर्तनमा देखिनुपर्छ । यसका लागि परियोजनाको योजना निर्माणदेखि कार्यान्वयनसम्म स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्नुपर्छ । महिला, युवा, दलित, जनजाति र आर्थिक रूपमा पछाडि परेका परिवारलाई प्राथमिकतामा राख्दै अनुदान तथा सहयोग वितरण पारदर्शी बनाउनुपर्छ। स्थानीयले सञ्चालन गर्न सक्ने उद्यम छनोट, आवश्यक सीप विकास, बजारको सुनिश्चितता र नियमित अनुगमनमा ध्यान दिनुपर्छ । परियोजना सम्पन्न भएपछि पनि सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी स्पष्ट हुनुपर्छ ।

बेनीकोटलाई सांस्कृतिक गाउँ बनाउने नाममा भेषभूषा र नाचगान प्रदर्शन गर्नु मात्र पर्याप्त हुँदैन । स्थानीय भाषा, परम्परागत पेसा, खानपान, जीवनशैली र सामुदायिक अभ्यासको संरक्षण पनि उत्तिकै आवश्यक छ । संस्कृतिलाई पर्यटन र उद्यमसँग जोड्दा त्यसको मौलिकता जोगिनुका साथै स्थानीयले आर्थिक लाभसमेत लिन सक्नुपर्छ । बेनीकोटको यो परियोजना डेढ करोड रूपैयाँ खर्च गर्ने अर्को सरकारी कार्यक्रम मात्र बन्नु हुँदैन, गाउँको आर्थिक र सामाजिक रूपान्तरणको आधार बन्नुपर्छ । कृषि उत्पादनले बजार पाउनुपर्छ, पर्यटनले स्थानीयलाई आम्दानी दिनुपर्छ र परम्परागत सीपले नयाँ पुस्तालाई रोजगारी दिन सक्नुपर्छ । यसको सफलता कति बजेट खर्च भयो वा कति संरचना बन्यो भन्ने आधारमा होइन, कति परिवारको आम्दानी बढ्यो, कति युवा गाउँमै उद्यम गर्न सक्षम भए र कति महिला आर्थिक रूपमा आत्मनिर्भर बने भन्ने आधारमा मापन गरिनुपर्छ । गाउँको समृद्धि बाहिरबाट ल्याइने योजनाले होइन, गाउँभित्रकै सम्भावनालाई उत्पादन र उद्यममा बदल्ने क्षमताले निर्धारण गर्छ । बेनीकोटले यो अवसरलाई व्यवहारमा उतार्न सके स्थानीय स्रोत, सीप र सामूहिक प्रयासबाट गाउँमै समृद्धि सम्भव छ भन्ने उदाहरण स्थापित हुनेछ ।

एमालेले आफूलाई पुनः आविष्कार गर्नुपर्छ

इतिहासमा कुनै पनि राजनीतिक दल सधैँ एउटै उचाइमा रहँदैन । समयले कसैलाई अवसर दिन्छ, कसैलाई चुनौती दिन्छ र कसैलाई आफ्नो औचित्य पुनः प्रमाणित गर्न बाध्य बनाउँछ। एमाले अहिले यही परीक्षाबाट गुज्रिरहेको छ । उससँग अझै पनि राजनीतिक सम्भावना छ । लामो संघर्षको विरासत छ, देशभर फैलिएको सङ्गठन छ, अनुभवी नेता र कार्यकर्ताको ठूलो पङ्क्ति छ र नेपालको लोकतान्त्रिक तथा कम्युनिस्ट आन्दोलनमा महत्त्वपूर्ण योगदान गरेको इतिहास छ। तर, यी सबै सम्भावना भविष्यको सफलतामा रूपान्तरण हुन नेतृत्वले परिवर्तनको साहस देखाउनुपर्छ ।

एमालेले अहिलेको निर्वाचन परिणामलाई सामान्य प्राविधिक दुर्घटना ठानेर सामान्य अवस्थामा फर्कने प्रयास गरे मात्र हुँदैन। यो परिणामलाई आफ्नो राजनीतिक यात्राको गम्भीर पुनर्मूल्याङ्कन गर्ने अवसरका रूपमा लिनुपर्छ। स्थानीय निर्वाचनको तयारी गर्नु आवश्यक छ, तर त्यसअघि पार्टीको राजनीतिक तयारी आवश्यक छ । सङ्गठन परिचालन गर्नु आवश्यक छ, तर त्यसअघि सङ्गठनको राजनीतिक उद्देश्य स्पष्ट हुनुपर्छ। कार्यकर्ताको मनोबल उठाउनु आवश्यक छ, तर त्यसअघि पार्टीप्रतिको जनविश्वास पुनः स्थापित हुनुपर्छ ।

अहिलेको आवश्यकता राष्ट्रिय कार्यकर्ता भेलाबाट नेतृत्वको अनुमोदन खोज्नु होइन, राष्ट्रिय स्तरको राजनीतिक आत्मसमीक्षा र पुनर्निर्माणको अभियान सुरू गर्नु हो। पार्टीले आफ्नो संकटको कारण अरूमा खोज्नुको सट्टा आफैँभित्र खोज्नुपर्छ। नेतृत्वले आफ्नो ऐतिहासिक योगदानको चर्चा गर्नुभन्दा वर्तमान जिम्मेवारीको हिसाब दिनुपर्छ । एमालेले बुझ्नुपर्छ- निर्वाचनमा हार्नु राजनीतिक दलका लागि अन्तिम पराजय होइन। तर, पराजयबाट पाठ सिक्न नसक्नु, जनताको सन्देश बुझ्न नसक्नु र बदलिनुपर्ने समयमा पनि आफूलाई अपरिवर्तनीय ठान्नुचाहिँ वास्तविक राजनीतिक पराजय हो ।

आज एमालेलाई ओलीको अर्को अनुमोदन आवश्यक छैन। उसलाई नयाँ राजनीतिक दृष्टिकोण, नयाँ नेतृत्व संस्कार र नयाँ पुस्ताको विश्वास जित्न सक्ने दूरदर्शी नेतृत्व चाहिएको छ। कुनै पनि राजनीतिक दलको भविष्य उसको अध्यक्षको पदावधिसँग होइन, उसले निर्माण गर्ने राजनीतिक सम्भावनासँग जोडिएको हुन्छ ।

नेतृत्वको महानता पदमा कति लामो समय बस्यो भन्नेमा होइन, आफूले नेतृत्व गरेको संस्थालाई आफूभन्दा अगाडि लैजान कति सक्षम पुस्ता तयार गऱ्यो भन्नेमा निहित हुन्छ। ओलीले पनि आफ्नो लामो राजनीतिक यात्राको मूल्याङ्कन यही ऐतिहासिक कसीमा गर्न सक्नुपर्छ । एमालेका लागि अबको विकल्प स्पष्ट छ- विगतको गौरवमा रमाएर वर्तमानको संकट छोप्ने कि विगतको विरासतलाई आधार बनाएर भविष्यको नयाँ राजनीतिक अध्याय लेख्ने ? मदन भण्डारीले आफ्नो समयको राजनीतिक जडतालाई चुनौती दिएर एमालेको एउटा नयाँ अध्याय सुरू गरेका थिए ।

आजको एमालेले पनि त्यस्तै वैचारिक साहस र राजनीतिक सिर्जनशीलता देखाउनुपर्ने समय आएको छ । एमालेले अब आफ्नो इतिहासको रक्षा गर्ने नाममा वर्तमान नेतृत्वको निरन्तरता खोज्ने होइन, आफ्नो ऐतिहासिक विरासतको सम्मान गर्दै भविष्यको नेतृत्व निर्माण गर्नुपर्छ। नेतृत्व पुस्तान्तरण कुनै गुटको माग होइन, बदलिएको समयको राजनीतिक आवश्यकता हो ।

पराजयको पीडामा कार्यकर्ता भेला गरेर विजयको सपना देख्नु राजनीतिक आत्मछल हो । एमालेले अहिले खोज्नुपर्ने कुरा आफ्नो राजनीतिक अस्तित्वको नयाँ आधार, वैचारिक पुनर्जागरण र नेतृत्वको पुस्तान्तरण हो। किनकि पार्टीको संकट सङ्गठनमा होइन, नेतृत्वको सोच, शैली र विश्वसनीयतामा छ ।

कुनै पनि राजनीतिक दलको इतिहास केवल उसले जितेका चुनावहरूको अभिलेख होइन, समयको चुनौतीलाई बुझ्न, समाजको बदलिँदो चेतनालाई आत्मसात् गर्न र आफूलाई पुनः आविष्कार गर्न सक्ने क्षमताको पनि इतिहास हो। राजनीतिक दलहरु समयसँगै रूपान्तरित हुन सकेनन् भने तिनका गौरवशाली अतीत वर्तमानका लागि बोझ बन्छन् र ऐतिहासिक योगदान भविष्यको राजनीतिक औचित्य प्रमाणित गर्ने पर्याप्त आधार रहँदैन। एमाले आज यस्तै ऐतिहासिक मोडमा उभिएको छ ।

आम निर्वाचनमा प्राप्त लज्जास्पद पराजय एमालेका लागि चुनावी हारमात्र होइन, यो लामो समयदेखि सञ्चित राजनीतिक असन्तुष्टि, नेतृत्वप्रतिको अविश्वास, वैचारिक विचलन र जनतासँग टुट्दै गएको सम्बन्धको सामूहिक अभिव्यक्ति हो । निर्वाचनको परिणाम मतपत्रमा देखिए पनि त्यसको कारण पार्टीको राजनीतिक व्यवहार, नेतृत्वको कार्यशैली र समयलाई बुझ्ने क्षमतामा खोज्नुपर्छ। त्यसैले एमालेको वर्तमान संकटलाई केही निर्वाचन क्षेत्रमा मत घटेको, सङ्गठन कमजोर भएको वा कार्यकर्ता परिचालन प्रभावकारी नभएको सामान्य प्राविधिक समस्याका रूपमा बुझ्नु गम्भीर भूल हुनेछ ।

आजको प्रश्न एमालेले अर्को निर्वाचन कसरी जित्ने भन्ने मात्र होइन, एमाले किन जनताको विश्वास गुमाउने अवस्थामा पुग्यो भन्ने हो। अझ गम्भीर प्रश्न त यो हो- बदलिएको राजनीतिक चेतना, नयाँ पुस्ताको आकाङ्क्ष र सामाजिक असन्तुष्टिको वर्तमान परिवेशमा एमाले पुरानै नेतृत्व, पुरानै राजनीतिक संस्कार र पुरानै सोचका आधारमा आफ्नो सान्दर्भिकता पुनः स्थापित गर्न सक्छ? यस प्रश्नको उत्तर खोज्ने साहस नगरी गरिने कुनै पनि सङ्गठनात्मक गतिविधि राजनीतिक पुनर्जागरण होइन, संकटमाथिको अस्थायी पर्दा मात्र हुनेछ ।

पार्टीको पुनर्गठन र नेतृत्व पुस्तान्तरण

आम निर्वाचनको पराजयपछि एमालेभित्र नेतृत्वको समीक्षा, जिम्मेवारी निर्धारण र नेतृत्व परिवर्तनको बहस स्वाभाविक रूपमा उठेको हो । निर्वाचनमा पार्टीले भोगेको पराजयको नैतिक जिम्मेवारी नेतृत्वले लिनुपर्ने आवाज उठ्नु लोकतान्त्रिक पार्टीको सामान्य अभ्यास हो। तर, यो बहसलाई संस्थागत निष्कर्षमा पुऱ्याउनुको सट्टा नेतृत्वको अनुकूलतामा सीमित गरियो। परिणामतः पार्टीको पुनर्गठन र नेतृत्व पुस्तान्तरणको सम्भावनामाथि नै प्रश्नचिह्न खडा भयो ।

यही पृष्ठभूमिमा आयोजना गरिएको राष्ट्रिय कार्यकर्ता भेलालाई केवल सङ्गठन सुदृढीकरणको अभ्यासका रूपमा बुझ्नु पर्याप्त हुँदैन। यसका राजनीतिक सन्देश र अन्तर्निहित उद्देश्य पनि केलाउनुपर्छ। निश्चय नै, निर्वाचनपछि कार्यकर्ताको मनोबल उठाउनु, सङ्गठनलाई सक्रिय बनाउनु र आगामी स्थानीय निर्वाचनका लागि रणनीति निर्माण गर्नु कुनै पनि राजनीतिक दलका लागि आवश्यक काम हुन् । तर, एमालेको वर्तमान संकटको प्रकृति हेर्दा यस्ता गतिविधिले मात्र पार्टीलाई पुनर्जीवन दिन सक्दैनन् ।

यो भेला नेतृत्वको राजनीतिक औचित्य पुनः स्थापित गर्ने, पार्टीभित्र उठेको असन्तुष्टिलाई मत्थर पार्ने र अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वप्रति सङ्गठनात्मक समर्थन रहेको सन्देश प्रवाह गर्ने प्रयासका रूपमा पनि बुझ्न सकिन्छ। निर्वाचनको पराजयपछि नेतृत्वमाथि उठेका प्रश्नको जवाफ दिनुको सट्टा कार्यकर्ता पङ्क्तिकबाट अनुमोदन खोज्ने प्रवृत्तिले पार्टीको आन्तरिक लोकतन्त्रलाई अझ कमजोर बनाउने जोखिम रहन्छ ।

राजनीतिक दलको जीवनमा कार्यकर्ताको समर्थन महत्त्वपूर्ण हुन्छ, तर कार्यकर्ताको समर्थन नै जनताको विश्वासको विकल्प हुन सक्दैन। कार्यकर्ता भेलामा हजारौँ मानिस उपस्थित गराउन सकिएला, नेतृत्वको पक्षमा नाराबाजी गर्न सकिएला र सङ्गठनात्मक

बाँकी तेश्रो पेजमा



तपाईको आज

मेष
तारिफयोग्य काम गर्दै प्रशस्त धन आर्जन गर्न सकिनेछ। दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ।

वृष
प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। नाम, दाम र इनाम कमाउने बेला छ।

मिथुन
प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

कर्कट
दिन रमाइलो र उत्साहपूर्ण रहनेछ। साथीभाइसँग रमाइलो भेट हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ।

सिंह
नयाँ काम प्रारम्भ गर्ने समय छ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ।

कन्या
अध्ययनशील प्रवृत्तिले फाइदा दिलाउनेछ। बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलामा निखारता आउनेछ।

तुला
नयाँ कामको प्रस्ताव आउनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो काममा सम्झौता गर्ने समय छ।

वृश्चिक
रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ।

धनु
विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

मकर
काममा अनायासै व्यवधान देखा पर्न सक्छ। भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ।

कुम्भ
व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ।

मीन
खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला। शुभचिन्तकहरूलाई बेवास्ता गर्नाले पनि दुःख पाइनेछ।

एमालेले आफूलाई .....

एकताको सन्देश पनि दिन सकिएला। तर, त्यसले जनताको मनमा उत्पन्न निराशा मेटाउन सक्दैन।

एउटा गम्भीर राजनीतिक पराजयपछि पार्टीले सर्वप्रथम आफूलाई प्रश्न गर्नुपर्छ, आफ्नो नेतृत्वलाई प्रश्न गर्नुपर्छ र आँना कमजोरी स्वीकार गर्ने नैतिक साहस देखाउनुपर्छ। तर, प्रश्नको सामना गर्नुको सट्टा अनुमोदनको वातावरण निर्माण गर्नु राजनीतिक आत्मसमीक्षा होइन, आत्मरक्षाको रणनीति हो। एमालेले बुझ्नुपर्ने कुरा के हो भने, अहिले उसलाई कार्यकर्ताको तालीभन्दा जनताको विश्वास चाहिएको छ।

सङ्गठनमा होइन, राजनीतिक संस्कारमा संकट

एमाले नेपालको राजनीतिक इतिहासमा बलियो सङ्गठनात्मक संरचना भएको पार्टीका रूपमा स्थापित छ। गाउँदेखि केन्द्रसम्म फैलिएको साङ्गठनिक सञ्जाल, प्रशिक्षित कार्यकर्ता, राजनीतिक संघर्षको लामो अनुभव र जनतासँगको ऐतिहासिक सम्बन्ध यसको शक्ति रहँदै आएको छ। त्यसैले एमालेको वर्तमान पराजयलाई सङ्गठनात्मक कमजोरीको परिणाम मात्र मान्नु वास्तविकताबाट विमुख हुनु हो। समस्या सङ्गठन परिचालन गर्न नसक्नु होइन, सङ्गठनले जनताको भावना र आकाङ्क्षालाई प्रतिनिधित्व गर्न नसक्नु हो ।

कुनै समय एमाले जनताको दैनिक जीवनसँग जोडिएका मुद्दाको प्रभावकारी राजनीतिक प्रतिनिधि थियो। गरिबी, बेरोजगारी, सामाजिक विभेद, शिक्षा, स्वास्थ्य, राष्ट्रिय स्वाभिमान र लोकतान्त्रिक अधिकारका विषयमा उसले जनतासँग प्रत्यक्ष संवाद गर्थ्यो। पार्टीको राजनीतिक शक्ति केवल सङ्गठनको आकारमा होइन, उसले उठाएका मुद्दाको सामाजिक स्वीकार्यतामा आधारित थियो ।

तर, समयक्रममा एमालेको राजनीतिक ऊर्जा जनताका मुद्दाभन्दा सत्ताको गणित, आन्तरिक शक्ति सन्तुलन र नेतृत्वको निरन्तरतामा बढी केन्द्रित हुँदै गयो। जनताको जीवनमा परिवर्तन ल्याउने राजनीतिक प्रतिबद्धता क्रमशः सत्तामा पुग्ने र सत्तामा टिकिरहने रणनीतिमा रूपान्तरित भयो । यहींबाट पार्टी र जनताबीचको दूरी बढ्न थाल्यो। पार्टीभित्र आलोचना गर्ने संस्कार कमजोर हुँदै जानु, नेतृत्वको निर्णयलाई अन्तिम सत्य मान्नुपर्ने वातावरण निर्माण हुनु, फरक विचार राख्ने नेताहरू किनारामा धकेलिनु र अवसर तथा जिम्मेवारीको वितरणमा सीमित व्यक्तिहरूको वर्चस्व स्थापित हुनु एमालेको आन्तरिक लोकतन्त्रका लागि गम्भीर चुनौती हुन्।

राजनीतिक दलभित्र एकता आवश्यक हुन्छ, तर एकता र अधीनस्थता एउटै कुरा होइनन्। नेतृत्वप्रति सम्मान हुनु र नेतृत्वको हरेक निर्णयमा प्रश्नरहित सहमति जनाउनु पनि एउटै कुरा होइन। स्वस्थ पार्टीमा नेतृत्व बलियो हुन्छ, तर संस्थाभन्दा बलियो हुँदैन। त्यहाँ अध्यक्षको अधिकार हुन्छ, तर सामूहिक निर्णय प्रक्रियाभन्दा माथि हुँदैन । एमालेको पुनर्निर्माणका लागि सर्वप्रथम यही राजनीतिक संस्कार बदलिनुपर्छ।

वर्तमानको चुनौती र नेतृत्वको सवाल

केपी शर्मा ओली नेपाली राजनीतिका प्रभावशाली र लामो राजनीतिक संघर्षबाट स्थापित नेता हुन्। उनको राजनीतिक यात्रा, संघर्ष, जेलजीवन र नेपालको कम्युनिस्ट आन्दोलनमा पुऱ्याएको योगदानलाई इतिहासबाट मेटाउन सकिँदैन । नेपालको राष्ट्रिय राजनीतिमा उनले निर्माण गरेको प्रभाव र राजनीतिक उपस्थितिलाई पनि सामान्य रूपमा लिन मिल्दैन ।

तर, राजनीतिक इतिहासको सम्मान गर्नु र वर्तमान नेतृत्वको निरन्तरताको समर्थन गर्नु फरक कुरा हुन्। कुनै नेताले विगतमा गरेको योगदानका आधारमा अनन्तकालसम्म नेतृत्वमा रहने नैतिक अधिकार प्राप्त गर्दैन। राजनीतिक नेतृत्व कुनै स्थायी सम्पत्ति होइन, यो समय, परिस्थिति, जनविश्वास र कार्यसम्पादनबाट निरन्तर प्रमाणित गर्नुपर्ने जिम्मेवारी हो । ओलीको नेतृत्वमा एमालेले सत्ता सञ्चालनका अवसर प्राप्त गऱ्यो। तर, सत्ता सञ्चालनका क्रममा उठेका सुशासन, संस्थागत मर्यादा, राजनीतिक अहंकार, निर्णय प्रक्रियाको केन्द्रीकरण र सार्वजनिक जवाफदेहितासम्बन्धी प्रश्नहरूले उनको नेतृत्वमाथि गम्भीर राजनीतिक बहस जन्माएका छन्।

नेतृत्वको मूल्याङ्कन गर्दा विगतको संघर्ष मात्र होइन, वर्तमानको कार्यसम्पादन र भविष्यप्रतिको दृष्टिकोण पनि हेर्नुपर्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा, नेतृत्वको निरन्तरता र पार्टीको भविष्य सधैँ एउटै दिशामा हिँड्दैनन्। कहिलेकाहीँ कुनै नेताको राजनीतिक योगदानको उच्चतम सम्मान भनेकै उसले समयमै नयाँ पुस्ताका लागि ठाउँ खाली गरिदिनु हो । नेतृत्व हस्तान्तरण पराजयको स्वीकारोक्ति होइन, राजनीतिक परिपक्वताको प्रमाण हो । आफ्नो समयको योगदानलाई संस्थागत गर्दै आगामी पुस्तालाई नेतृत्वको अवसर दिन सक्ने नेताले नै इतिहासमा आफ्नो स्थान अझ सम्मानजनक बनाउन सक्छ ।

त्यसैले आज एमालेभित्र उठ्नुपर्ने प्रश्न ओलीलाई फेरि अनुमोदन गर्ने कि नगर्ने भन्ने मात्र होइन। मूल प्रश्न हो- ओली नेतृत्वको लामो राजनीतिक यात्राले पार्टीलाई कहाँ पुऱ्यायो र अबको यात्राका लागि कस्तो नेतृत्व आवश्यक छ ? यसको जवाफ भावनात्मक निष्ठा, गुटगत स्वार्थ वा विगतको योगदानको स्मरणबाट होइन, वस्तुनिष्ठ राजनीतिक समीक्षाबाट खोजिनुपर्छ।

नयाँ पुस्ता : पछाडि छुटेको राजनीतिक शक्ति

आजको नेपाली समाज हिजोको समाज होइन। सूचना प्रविधिको विस्तार, विश्वव्यापीकरण, सामाजिक सञ्जाल, शिक्षा र चेतनाको विकासले नागरिकको सोच्ने र प्रश्न गर्ने तरिका बदलिएको छ। विशेषतः नयाँ पुस्ता राजनीतिक दललाई केवल ऐतिहासिक योगदानका आधारमा स्वीकार गर्न तयार छैन। उनीहरूलाई राजनीतिक दलले के गऱ्यो भन्नेभन्दा पनि अब के गर्न सक्छ भन्ने कुराले बढी प्रभावित गर्छ।

उनीहरूलाई भाषणभन्दा परिणाम चाहिएको छ। आश्वासनभन्दा अवसर चाहिएको छ। राजनीतिक पहुँचभन्दा योग्यता र क्षमताको सम्मान चाहिएको छ। उनीहरूलाई भ्रष्टाचारमुक्त शासन, पारदर्शी निर्णय प्रक्रिया, रोजगारी, उद्यमशीलता, गुणस्तरीय शिक्षा, आधुनिक स्वास्थ्य सेवा र सम्मानजनक जीवनको आधार चाहिएको छ । अझ महत्त्वपूर्ण कुरा, उनीहरु राजनीतिक नेतृत्वलाई प्रश्न गर्न चाहन्छन् र प्रश्न गर्ने आँनो अधिकारलाई कुनै पनि दलको सङ्गठनात्मक अनुशासनका नाममा त्याग्न तयार छैनन्। तर, एमालेको नेतृत्व र सङ्गठनात्मक संस्कारले यो बदलिएको मनोविज्ञानलाई कति आत्मसात् गर्न सकेको छ ?

पार्टीका महत्त्वपूर्ण निर्णयमा नयाँ पुस्ताको सहभागिता कति छ ? नेतृत्व चयनमा युवाको भूमिका कति छ ? पार्टीको नीति निर्माणमा प्रविधि, नवप्रवर्तन, जलवायु परिवर्तन, डिजिटल अर्थतन्त्र, रोजगारीको नयाँ स्वरूप र बदलिँदो विश्व व्यवस्थाका मुद्दाले कति स्थान पाएका छन् ?

यी प्रश्नको जवाफले नै एमाले भविष्यको पार्टी बन्न सक्छ कि विगतको राजनीतिक स्मारकमा सीमित हुन्छ भन्ने निर्धारण गर्नेछ। नयाँ पुस्तालाई पार्टीमा प्रवेश गराउनु मात्र पुस्तान्तरण होइन। उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउनु, नेतृत्वको अवसर दिनु, फरक विचार राख्ने स्वतन्त्रता सुनिश्चित गर्नु र राजनीतिक भविष्य निर्माणको वास्तविक जिम्मेवारी सुम्पनु नै वास्तविक पुस्तान्तरण हो। एमालेले युवालाई चुनावी सभामा झन्डा बोक्ने र सामाजिक सञ्जालमा प्रचार गर्ने जनशक्तिका रूपमा मात्र होइन, पार्टीको वैचारिक तथा राजनीतिक भविष्य निर्माण गर्ने साझेदारका रूपमा स्वीकार गर्नुपर्छ।

मदन भण्डारीको विरासतः सिर्जनात्मक पुनर्व्याख्या

एमालेको राजनीतिक इतिहासमा मदन भण्डारी एउटा असाधारण वैचारिक व्यक्तित्वका रूपमा स्थापित छन्। उनले नेपालको कम्युनिस्ट आन्दोलनलाई बहुदलीय प्रतिस्पर्धा, लोकतान्त्रिक मूल्य र जनताको सार्वभौमिकतासँग जोड्ने ऐतिहासिक काम गरे।

बहुदलीय जनवादको अवधारणा नेपाली कम्युनिस्ट आन्दोलनका लागि केवल राजनीतिक दस्ताबेज थिएन, त्यो तत्कालीन समयको वैचारिक जडतामाथि गरिएको सिर्जनात्मक हस्तक्षेप थियो। कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रिक प्रतिस्पर्धाभित्र स्थापित गर्ने उनको प्रयासले एमालेलाई राष्ट्रिय राजनीतिमा फरक पहिचान दियो।

मदन भण्डारीको वास्तविक शक्ति केवल उनको भाषणकला वा लोकप्रियतामा थिएन। उनी समयको राजनीतिक चेतना बुझ्न सक्थे। समाजको मनोविज्ञान पढ्न सक्थे। स्थापित मान्यतालाई चुनौती दिने वैचारिक साहस राख्थे। कम्युनिस्ट आन्दोलनको परम्परागत सीमाभित्र रहेर पनि नयाँ राजनीतिक सम्भावनाको ढोका खोल्न सक्थे। आज एमालेलाई त्यस्तै वैचारिक साहसको आवश्यकता छ।

मदन भण्डारीको तस्बिर राखेर, उनका भाषण सुनाएर र बहुदलीय जनवादको नाम दोहोऱ्याएर मात्र उनको विरासत जीवित रहँदैन। उनको विरासतको वास्तविक सम्मान भनेको उनले देखाएको सिर्जनात्मक राजनीतिक क्षमतालाई आजको सन्दर्भमा पुनः प्रयोग गर्नु हो । हिजो मदनले कम्युनिस्ट आन्दोलनलाई बहुदलीय लोकतन्त्रसँग जोड्नुपर्ने आवश्यकता देखेका थिए। आजको एमालेले लोकतन्त्रलाई निर्वाचन जित्ने माध्यमका रूपमा मात्र होइन, पार्टीको आन्तरिक जीवन, राज्य सञ्चालन र सार्वजनिक जवाफदेहिताको संस्कारका रूपमा आत्मसात् गर्नुपर्ने आवश्यकता छ।

हिजोको बहुदलीय जनवाद आजको बदलिएको समाजको सम्पूर्ण प्रश्नको उत्तर हुन सक्दैन। त्यसलाई आजको आर्थिक, सामाजिक, प्राविधिक र भूराजनीतिक परिवेशसँग जोडेर नयाँ वैचारिक व्याख्या गर्नुपर्छ। समाजवादको कुरा गर्ने पार्टीले उत्पादन, उत्पादकत्व, उद्यमशीलता र रोजगारीको नयाँ अर्थशास्त्र प्रस्तुत गर्न सक्नुपर्छ।

सामाजिक न्यायको कुरा गर्ने पार्टीले अवसरको समानता र संरचनागत विभेद अन्त्य गर्ने व्यावहारिक कार्यक्रम दिन सक्नुपर्छ। राष्ट्रियताको कुरा गर्ने पार्टीले राष्ट्रिय स्वाभिमानलाई केवल भाषणमा होइन, आर्थिक आत्मनिर्भरता, कूटनीतिक सन्तुलन र संस्थागत सबलतामा रूपान्तरण गर्न सक्नुपर्छ। एमालेले मदनको विरासतलाई राजनीतिक नाराबाट निकालेर नयाँ युगको वैचारिक परियोजनामा रूपान्तरण गर्नुपर्छ।

एमालेको पुनर्निर्माणका पाँच आधार

एमालेको पुनर्जीवनका लागि सामान्य सङ्गठनात्मक सक्रियता पर्याप्त छैन। यसका लागि पार्टीको संरचना, नेतृत्व, विचार, कार्यशैली र जनसम्बन्धमा एकैसाथ परिवर्तन आवश्यक छ। यसलाई पाँचवटा आधारमा अघि बढाउन सकिन्छ :

पहिलो : नेतृत्वको पुस्तान्तरण र सामूहिक नेतृत्वको पुनर्स्थापना। पार्टीको नेतृत्व कुनै एक व्यक्तिको दीर्घकालीन राजनीतिक अधिकार होइन। सक्षम, इमानदार, दूरदर्शी र नयाँ पुस्तासँग संवाद गर्न सक्ने नेताहरूलाई नेतृत्वमा ल्याउने प्रक्रिया तत्काल सुरू गर्नुपर्छ । पार्टी अध्यक्षदेखि केन्द्रीय संरचनासम्म नेतृत्व विकासको स्पष्ट मापदण्ड र समयसीमा बनाउनुपर्छ । यसको अर्थ अनुभवलाई अस्वीकार गर्नु होइन, अनुभव र नवीनताको संयोजन गर्नु हो । वरिष्ठ नेताहरूको योगदान र अनुभवलाई सम्मान गर्दै नयाँ पुस्तालाई निर्णायक जिम्मेवारी दिने राजनीतिक संस्कार विकास गर्नुपर्छ ।

दोस्रो : आन्तरिक लोकतन्त्र र संस्थागत जवाफदेहिताको प्रत्याभूति। पार्टीभित्र फरक विचार राख्न पाउनु कमजोरी होइन, शक्ति हो। नेतृत्वको आलोचना गर्नेलाई विरोधी ठान्ने संस्कार अन्त्य हुनुपर्छ। पार्टीका निर्णय सामूहिक छलफल, पारदर्शी प्रक्रिया र संस्थागत विधिबाट हुनुपर्छ। निर्वाचनमा पराजय हुँदा नेतृत्वले जिम्मेवारी लिनुपर्ने र सफल हुँदा सामूहिक उपलब्धिका रूपमा स्वीकार गर्नुपर्ने राजनीतिक मान्यता स्थापित गर्नुपर्छ ।

तेस्रो : नयाँ वैचारिक र आर्थिक दृष्टिकोणको विकास। एमालेले केवल पुराना राजनीतिक दस्ताबेजको पुनरावृत्ति गरेर भविष्य निर्माण गर्न सक्दैन। बदलिएको विश्व अर्थतन्त्र, कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रविधि, जलवायु संकट, कृषि आधुनिकीकरण, औद्योगिक विकास, श्रम बजार र युवा उद्यमशीलतालाई समेट्ने नयाँ आर्थिक तथा सामाजिक दृष्टिकोण आवश्यक छ। राजनीतिक नाराभन्दा नीतिगत विकल्प प्रस्तुत गर्न सक्ने अध्ययनशील पार्टी निर्माण गर्नुपर्छ।

चौथो : जनतासँग टुटेको सम्बन्धको पुनर्निर्माण। पार्टीको राजनीतिक पुनर्जागरण केन्द्रीय कार्यालयका बैठकबाट होइन, जनताको घरदैलोबाट सुरू हुनुपर्छ। पार्टीका नेता र कार्यकर्ता जनताको दैनिक जीवनसँग पुनः जोडिनुपर्छ।

किसानको उत्पादनले बजार नपाएको, युवाले रोजगारी नपाएको, श्रमिकले सम्मानजनक जीवन नपाएको, उद्यमीले नीतिगत अस्थिरता भोगेको र नागरिकले सार्वजनिक सेवामा सास्ती खेपेको विषयलाई पार्टीले आफ्नो राजनीतिक एजेन्डा बनाउनुपर्छ । एमालेले जनतासँग फेरि सम्बन्ध जोड्न चाहन्छ भने पहिले जनताको कुरा सुन्न सिक्नुपर्छ ।

पाँचौं : सुशासन र नैतिक राजनीतिको विश्वसनीय प्रतिबद्धता। राजनीतिक दलको विश्वसनीयता उसको घोषणापत्रमा होइन, व्यवहारमा देखिन्छ। भ्रष्टाचार, नातावाद, कृपावाद, शक्तिको दुरूपयोग र सार्वजनिक पदको अपारदर्शी प्रयोगविरूद्ध पार्टीले आफ्नै घरबाट अभियान सुरू गर्नुपर्छ। सुशासनको माग गर्ने पार्टीले आफ्ना नेता र कार्यकर्ताको सार्वजनिक आचरणमा पनि त्यही मापदण्ड लागू गर्न सक्नुपर्छ। नेतृत्वको नैतिक विश्वसनीयताबिना राजनीतिक पुनर्निर्माण सम्भव छैन ।

नयाँ नेतृत्व नयाँ अनुहार मात्र होइन

यहाँ एउटा महत्त्वपूर्ण कुरा स्पष्ट हुनुपर्छ। एमालेमा नेतृत्व परिवर्तनको बहसलाई केवल ओलीको स्थानमा अर्को कुनै वरिष्ठ नेतालाई स्थापित गर्ने प्रतिस्पर्धाका रूपमा बुझ्नु पर्याप्त हुँदैन। नेतृत्व परिवर्तन र नेतृत्व पुस्तान्तरणबीच पनि अन्तर छ। अनुहार बदलियो तर सोच बदलिएन, अध्यक्ष बदलियो तर कार्यशैली बदलिएन, नेतृत्वको व्यक्ति बदलियो तर निर्णय प्रक्रियाको केन्द्रीकरण उस्तै रह्यो भने त्यसले पार्टीलाई नयाँ जीवन दिन सक्दैन । एमालेले खोजेको नयाँ नेतृत्व नयाँ राजनीतिक संस्कारको प्रतिनिधि हुनुपर्छ। उसमा वैचारिक स्पष्टता, सङ्गठनात्मक क्षमता, सार्वजनिक विश्वसनीयता, आलोचना सुन्ने धैर्य, फरक मतको सम्मान र समयको मागअनुसार निर्णय गर्न सक्ने दूरदृष्टि हुनुपर्छ।

त्यस्तो नेतृत्वले आफूलाई सर्वेसर्वा ठान्नु हुँदैन । पार्टीलाई आफ्नो राजनीतिक सम्पत्ति होइन, सामूहिक विचार र संघर्षको संस्था ठान्नुपर्छ। पार्टीको अध्यक्ष हुनु र पार्टीको भविष्य हुनु एउटै कुरा होइन। त्यसैले नेतृत्व परिवर्तनको बहसलाई व्यक्तिविशेषको पक्ष वा विपक्षमा सीमित नगरी एमालेको भावी राजनीतिक चरित्र कस्तो हुने भन्ने बहसमा रूपान्तरण गर्नुपर्छ। यही बहसले पार्टीभित्रका असन्तुष्ट नेता, किनारामा परेका कार्यकर्ता र नयाँ पुस्तालाई साझा राजनीतिक परियोजनामा जोड्न सकिन्छ । अनलाइनखबरबाट

(सिलवाल ललितपुरबाट निर्वाचित पूर्वसांसद हुन्।)

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com
Call: 065-563907, 9856060376



विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

मंसिर ०४ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मंसिर ०५ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

मंसिर ०६ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि. व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



सुन्तलाको सिजन : तनहुँको व्यास नगरपालिका-१३ बेनिकोटमा उत्पादित सुन्तला दमौली बजरामा खरिद बिक्री गरिदै । व्यापारीले प्रतिकिलो १५० रूपैयाँमा सुन्ताल बिक्री गरेका छन् । *तस्विर : भञ्ज्याङ*

मर्दी पदयात्रामा पर्यटकको .....

बेला हिमालमा देखिने सुनौलो रङ तथा वन्यजन्तु र चराचुरूङ्गीको उपस्थितिले यस क्षेत्रलाई प्रकृतिमा आधारित पर्यटनका लागि समेत उपयुक्त बनाएको छ ।

मर्दी हिमाल पदमार्गका संस्थापक सचिव शिवकुमार भण्डारीका अनुसार सन् २०२१ मा गरिएको अध्ययनले यस क्षेत्रमा ११२ प्रजातिका चराको बासस्थान रहेको देखाएको छ। नेपाल पन्छीविद् संघले गरेको अध्ययनमा सेतो गिद्ध, हिमाली गिद्ध, काँडे भ्याकुर र नदीचरीजस्ता महत्वपूर्ण प्रजातिका चरा पाइने पुष्टि भएको उनले बताए । "हिमाली दृश्यका अतिरिक्त यहाँको चराचुरूङ्गी र जैविक विविधता पनि पर्यटकीय सम्भावनाका आधार हुन्," भण्डारीले भने, "चराअवलोकन र प्रकृतिमा आधारित पर्यटनलाई समेत जोडेर यस क्षेत्रको पहिचान विस्तार गर्ने प्रयास भइरहेको छ।"

वसन्त ऋतुमा लालीगुराँसले ढाकिने वन, चराचुरूङ्गीको आवाज र हरियालीले पदमार्गको आकर्षण थप बढाउँछन् । बादलडाँडादेखि भ्यु पोइन्टसम्मको यात्रामा पोखरा उपत्यका, अन्नपूर्ण आधार शिविर र आसपासका हिमाली भूभाग देख्न सकिन्छ । बाटोमा भेटिने भेडाबाख्रा, चौंरी र भैंसीका घुम्ती गोठले स्थानीय जीवनशैलीसँग पनि पर्यटकलाई परिचित गराउँछन् ।

गोठालाको बाटोबाट अन्तर्राष्ट्रिय गन्तव्य

मर्दी हिमाल पदमार्ग सन् २०१२ देखि औपचारिक रूपमा सञ्चालनमा आएको हो । त्यसअघि यो क्षेत्र स्थानीयका गाईभैंसी, भेडाबाख्रा र चौंरी चराउने खर्क तथा घुम्ती गोठका रूपमा परिचित थियो । स्थानीय समुदायले प्रयोग गर्दै आएको परम्परागत बाटोलाई पदयात्रा मार्गका रूपमा विकास गर्न माछापुच्छ्रे गाउँपालिका-९ का स्वर्गीय सुदीप गौतमले अगुवाइ गरेका थिए ।

गाउँपालिका-९ का वडाध्यक्ष हरिबहादुर क्षेत्रीका अनुसार पदमार्ग विकास हुनुअघि पर्यटकका लागि आवश्यक होटल तथा अन्य सुविधा थिएनन् । सन् २००७ मा गौतमले मर्दी हाइक्याम्पमा होटल ट्रेकर्स प्याराडाइज सञ्चालन गरेपछि यस क्षेत्रमा पर्यटकलाई बसोबासको सुविधा उपलब्ध हुन थालेको हो । त्यसअघि पर्यटकले टेन्टमा रात बिताउनुपर्ने अवस्था थियो ।

पदमार्गको खोज, प्रवर्द्धन र विकासमा योगदान पुऱ्याएका गौतमको २०७९ असोज १४ गते हाइक्याम्प क्षेत्रमा भिरबाट लडेर ३५ वर्षको उमेरमा निधन भएको थियो । उनको योगदानको सम्मानमा बादलडाँडामा सालिकसहितको पार्क निर्माण गरिएको छ । माछापुच्छ्रे गाउँपालिका, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेश, मर्दी हिमाल पर्यटन होटल व्यवसाय व्यवस्थापन समिति र नेपाल पर्यटन बोर्डको सहकार्यमा पार्क निर्माण गरिएको हो । गौतमको परिवारले मर्दी हिमाल आधार शिविरमा शिव मन्दिर निर्माण गर्ने योजना पनि अघि सारेको छ ।

स्थानीय उत्पादनदेखि रोजगारीसम्म

पदयात्रा पर्यटनको विस्तारले आसपासका बस्तीमा आर्थिक गतिविधि बढाएको छ । होटल, रेस्टुरेन्ट, चिया पसल र अन्य पर्यटनसम्बन्धी व्यवसाय सञ्चालन हुन थालेपछि स्थानीयले गाउँमै रोजगारी तथा आम्दानीको अवसर पाएका छन् । फरेस्ट क्याम्प होटल व्यवस्थापन समितिका अध्यक्ष अमृत दाहालका अनुसार होटल व्यवसायीले स्थानीयस्तरमा उत्पादित तरकारी, दूध, घ्यू तथा स्थानीय कुखुराबाट तयार गरिएका परिकार पर्यटकलाई खुवाउने गरेका छन् । पर्यटकको आगमनसँगै स्थानीय उत्पादनको खपत बढेको र त्यसले किसानलाई समेत बजार उपलब्ध गराएको उनले बताए ।

पदयात्रा मार्गको तल्लो क्षेत्रमा ढुङ्गाका सिँढी निर्माण गरी बाटो व्यवस्थित गरिएको छ । फोहोर संकलनका लागि छुट्टै स्थानको व्यवस्था गरिएको छ भने सडक विस्तारको सम्भावना कम रहेकाले पदमार्गको मौलिकता कायम राख्ने अवसर पनि छ ।

संरक्षणसँगै सुरक्षित पदयात्राको आवश्यकता

पोखराबाट कालीमाटी, सिदिङ, धम्पुस वा काँडे हुँदै पदयात्रा सुरू गर्न सकिन्छ । फरेस्ट क्याम्प, लो क्याम्प, बादलडाँडा र हाइक्याम्प हुँदै भ्यु पोइन्ट पुगिन्छ । त्यहाँबाट थप करिब एक घण्टाको यात्रापछि चार हजार पाँच सय मिटर उचाइमा रहेको मर्दी हिमाल आधार शिविर पुग्न सकिन्छ ।

हाइक्याम्पभन्दा माथि होटल तथा रेस्टुरेन्ट नहुँदा पर्यटकले खानेपानी, खाद्यान्न र आवश्यक सामग्रीको पूर्वतयारी गर्नुपर्छ । विशेषगरी भ्यु पोइन्टदेखि आधार शिविरसम्म मौसम छिटो परिवर्तन हुने, कुहिरो लाग्ने र बाटो बिराउने जोखिम रहने भएकाले सहयोगी वा अनुभवी पथप्रदर्शकबिना यात्रा नगर्न बादलडाँडाका होटल व्यवसायी नेत्र तामाङको सुझाव छ ।

पर्यटकको चाप व्यवस्थापनसँगै पदमार्गको सरसफाइ, फोहोर व्यवस्थापन, सञ्चार तथा विद्युत् सुविधा, सूचना प्रणाली र आपत्कालीन उद्धारको व्यवस्था सुधार गर्नुपर्ने आवश्यकता छ । पर्यटकीय याममा आवास अभाव हुन नदिन विद्यमान संरक्षण नीतिभित्रै रहेर सेवा तथा पूर्वाधार व्यवस्थापनका विकल्प खोज्नुपर्ने देखिन्छ । वडाध्यक्ष क्षेत्रीका अनुसार गाउँपालिका, एक्याप तथा प्रदेश र संघीय सरकारसँग समन्वय गरेर पूर्वाधार विकास र व्यवस्थापनका चुनौती समाधान गर्ने प्रयास भइरहेको छ । संरक्षण क्षेत्रसम्बन्धी नीतिमा आवश्यक संशोधनका लागि पनि पहल भइरहेको उनले बताए ।

मर्दीमा पर्यटकको बढ्दो उपस्थितिले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाएको छ । तर, सीमित क्षमताका होटल र संवेदनशील हिमाली वातावरणबीच पर्यटकीय गतिविधिलाई सन्तुलित बनाउनुपर्ने चुनौती पनि थपिएको छ । प्राकृतिक सम्पदाको संरक्षण, सुरक्षित पदयात्रा, स्थानीय उत्पादनको प्रवर्द्धन र गुणस्तरीय सेवामा ध्यान दिन सके मर्दी हिमाल पदमार्गलाई दिगो पर्यटनको नमुना गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना छ ।

महिला हिंसा अन्त्य गरौं

- महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,
- कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- सहयोगका लागि महिला हेल्पलाइन नं. ११४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।



नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter



Surya Raj Acharya
x.com/SuryaRAcharya

एयर रूटको विषयमा नेपालप्रति भारतको रवैया निकृष्ट तहको बेइमानी हो। अहिले भारत आफैंलाई नेपालको आकाश चाहिएपछि फेरि यो एजेन्डा उठेछ । भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनीतिक लगायतका सबै पक्षलाई हेर्दा नेपाल-भारत सम्बन्ध आदर्श छिमेकी सम्बन्धको उदाहरण हुनुपर्ने हो। तर भारतीय पक्षको सानो चित्त, बेलाबेलाका बेकामी 'टिडिक' र नेपाली राजनीतिको कमजोरीले गर्दा यसो हुन सकेको छैन । अब चाहिँ नेपाल-भारत सम्बन्ध जगैदेखि सुधियोस !

स्थानीयको श्रमदानले फेरियो प्रशासनचोकको अलपत्र पार्क

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिका-३ प्रशासनचोकस्थित लामो समयदेखि बेवास्तामा परेको पार्क स्थानीयवासीको सामूहिक प्रयासमा पुनः व्यवस्थित बनेको छ । सरकारी निकायको प्रतीक्षाभन्दा सामुदायिक पहलबाटै सार्वजनिक सम्पदाको संरक्षण गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गर्दै स्थानीयले पार्कको सरसफाइ, मर्मत र रङरोगन गरेका हुन् ।



सामाजिक व्यक्तित्व भाग्यशाली ढुङ्गानाको अगुवाइमा सञ्चालन गरिएको अभियानमा स्थानीयवासी तथा विभिन्न व्यक्तिले आर्थिक सहयोग र श्रमदान गरेका थिए । अभियानमा १७ जनाले आर्थिक सहयोग उपलब्ध गराएका थिए भने ५३ जनाले प्रत्यक्ष श्रमदान गरेको बताइएको छ ।

दस दिनसम्म सञ्चालन गरिएको अभियानमा २० हजार ६ सय रूपैयाँ खर्च भएको ढुङ्गानाले जानकारी दिए। सीमित बजेट र सामूहिक प्रयासबाट पार्कलाई सफा, व्यवस्थित र आकर्षक बनाइएको उनले बताए ।

लामो समयदेखि उपयोगविहीन र अव्यवस्थित अवस्थामा रहेको सार्वजनिक स्थललाई स्थानीयले आफ्नै पहलमा सुधार गरेपछि पार्कको स्वरूप फेरिएको छ । सानो आर्थिक स्रोत र नागरिकको सहभागिताबाट पनि सार्वजनिक सम्पदाको संरक्षण तथा उपयोग गर्न सकिन्छ भन्ने सन्देश यो अभियानले दिएको छ ।

भादगाउँको ऐतिहासिक भोटी बजार चिनाउन सांस्कृतिक महोत्सव

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिका-१ भादगाउँमा ऐतिहासिक भोटी बजारको पहिचान स्थापित गर्ने र स्थानीय सांस्कृतिक सम्पदालाई प्रवर्द्धन गर्ने उद्देश्यले चौथो दमौली भोटी बजार भादगाउँ सांस्कृतिक महोत्सव सुरू भएको छ । स्थानीय कला, संस्कृति, परम्परा र उत्पादनलाई एउटै थलोमा जोड्ने लक्ष्यसहित आयोजित महोत्सवको मंगलबार नगरप्रमुख वैकुण्ठ न्यौपानेले उद्घाटन गरेका छन् ।



नगरप्रमुख न्यौपानेले भोटी बजारको ऐतिहासिक महत्व र पहिचानलाई नयाँ पुस्तासम्म पुऱ्याउन यस्ता कार्यक्रम प्रभावकारी हुने बताए। स्थानीय उत्पादनको बजारीकरणसँगै मौलिक कला, संस्कृति र परम्पराको संरक्षणमा पनि महोत्सवले योगदान पुऱ्याउने चर्चा गर्दै उनले महोत्सव आयोजना गर्ने दोभान युवा क्लबको प्रयासको प्रशंसा गरे ।

स्थानीय समुदायको सहभागितालाई महोत्सवको महत्वपूर्ण पक्षका रूपमा प्रस्तुत गर्दै आयोजकले व्यास नगरपालिका-१ का ३३ वटै टोललाई समेटेको छ। टोलको प्रतिनिधित्व गर्दै युवा अगुवा तथा भादगाउँ टोल विकास संस्थाका अध्यक्ष दीपक घिमिरेले महोत्सव सफल बनाउन सबै टोल र स्थानीयवासीको सक्रिय सहभागिता आवश्यक रहेको बताए ।

दोभान युवा क्लबका अध्यक्ष नलबहादुर दरैले महोत्सवको मौलिकता र सांस्कृतिक पहिचान जोगाउन सबै पक्षलाई आग्रह गरे। उनले स्थानीय संस्कृति र परम्परालाई प्राथमिकतामा राखेर आयोजना गरिएको महोत्सवलाई मनोरञ्जनमा मात्र सीमित नराखी भादगाउँको पहिचानसँग जोड्नुपर्ने बताए ।

दोभान युवा क्लबको आयोजना, दोभान आमा क्लबको सहआयोजना तथा औद्योगिक मेला महोत्सव प्रतिष्ठान काठमाडौंको व्यवस्थापनमा महोत्स सञ्चालन गरिएको बताइएको छ । महोत्सवमा विभिन्न व्यवसायिक स्टल, रमाइलो मेला तथा स्थानीय उत्पादनको प्रदर्शनी राखिएको छ । राष्ट्रिय तथा स्थानीय कलाकारका सांगीतिक प्रस्तुतिले पनि दर्शकलाई मनोरञ्जन प्रदान गर्ने आयोजकले जनाएको छ ।

हरिबोधनी एकादशीसंग जोडिएको भादगाउँको ऐतिहासिक भोटी बजारको महत्व उजागर गर्दै स्थानीय उत्पादनलाई बजारसँग जोड्ने, पर्यटन गतिविधि बढाउने र समुदायबीच सांस्कृतिक एकता तथा सामाजिक सद्भाव बलियो बनाउने अपेक्षासहित महोत्सव आयोजना गरिएको आयोजकले जनाएको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण :-** विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४